# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः २२ फरवरी २०२६

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले इंडिया एआई इम्पैक्ट शिखर सम्मेलन भविष्यमा विश्वव्यापी रूपमा एआईको शक्तिलाई उपयोग गर्ने दिशामा एक महत्त्वपूर्ण कदम साबित भएको बताउनु भएको छ।
- कलकाता उच्च अदालतले राज्यमा जारी मतदाता सूचि गहन पुनरीक्षणको कार्यमा राज्यको भूमिका तथा एसआईआर प्रक्रियाको निगरानी गर्ने ढाँचा तैयर गर्न हिजो एउटा उच्च स्तरिय बैठक गरेको छ।
- सिलगढ़ी नगरनिगमको वर्तमान बोर्डको चार वर्ष पूरा भएको अवसरमा दीनबन्धू मंचमा आज एक कार्यक्रम आ योजित गरिएको छ।
- दार्जीलिङ पहाडको लागि एक ऐतिहासिक पहलमाए दार्जीलिङबाट राज्य सभा सांसद हर्ष वर्धन श्रृंगलाको नेतृत्वमा पहिलो पल्ट युवा प्रतिनिधिमण्डल नयाँ दिल्ली जाँदै छ।
- मौसम विभागले बंगालको खाड़ीमा एकपल्ट फेरि निम्ब दबावको क्षेत्र सक्रिय भइरहेकोले राज्यका विभिन्न क्षेत्रहरुमा हल्का वर्षाको सम्भावना व्यक्त गरेको छ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले इंडिया एआई इम्पैक्ट शिखर सम्मेलन भविष्यमा विश्वव्यापी रूपमा एआईको शक्तिलाई उपयोग गर्ने दिशामा एक महत्त्वपूर्ण कदम साबित भएको बताउनु भएको छ। आकाशवाणीको मन की बात कार्यक्रमको १३१ औं संस्करणमा बोल्नु हुँदै प्रधानमन्त्रीले धैरै देशका नेताहरूए उद्योगपतिहरूए नवप्रवर्तकहरू र स्टार्टअप नेताहरू शिखर सम्मेलनको लागि नयाँ दिल्लीको भारत मण्डपममा भेला भएको बताउनु भयो। श्री मोदीले भारतले आर्टिफिशियल इंटेलीजेंसको सहयोगमा प्राचीन ग्रन्थहरूए ज्ञान र पाण्डुलिपिहरू संरक्षण गरिरहेको देखेर विश्व नेताहरू छक्क परेको बताउनु भयो। उहाँले प्रदर्शनीको क्रममा प्रदर्शनको लागि सुश्रुत संहिता छनोट गरिएको बताउनु भयो। शिखर सम्मेलनको क्रममाए भारतले तीन मेड इन इन्डिया एआई मोडेलहरू सुरु गरेको जानकारी दिनु हुँदै प्रधानमंत्रीले यसको सफलताको लागि सबै देशवासीलाई बधाई दिनु भयो। हालको टी.२० क्रिकेट विश्वकपको बारेमाए श्री मोदीले उल्लेख गर्नु हुँदै भन्नु भयो कि भारतीय मूलका धैरे खेलाडीहरू च्याम्पियनशिपमा भाग लिइरहेका छन्। उहाँले उल्लेख गर्नु भयो कि क्यानाडाए अमेरिकाए इटलीए ओमानए न्यूजील्याण्डए संयुक्त अरब अमीरातका टीममा भारतीय मूलका खेलाडीहरू रहेकोमा गर्व व्यक्त गर्नु भयोद्य श्री मोदीले भन्नु भयो भारतीय मूलका अनगिन्ती खेलाडीहरू छन् जसले आ.आफ्नो देशमाँ गौरव ल्याउँदैछन्। उहाँले भारतीयहरूए जहाँ गए पनिए आफ्नो मातृभूमिसँग जोडिएका रहन्छन् र यसले देशको विकासमा योगदान पुऱ्याइ रहेको बताउनु भयो। प्रधानमन्त्रीले भोलि राष्ट्रपति भवनमा राजाजी उत्सव मनाइने जानकारी पनि दिनु भयो। प्रधानमन्त्रीले यस अवसरमा राष्ट्रपति भवनको केन्द्रीय प्रांगणमा सीण राजगोपालाचारीको मूर्ति अनावरण गरिने जानकारी पनि दिनु भयो। सीण राजगोपालाचारी स्वतन्त्र भारतका पहिलो गभर्नर जनरल हुनु हुन्थ्यो। श्री मोदीले देशका मानिसहरूलाई २४ फरवरी देखि १ मार्च सम्म राजाजी उत्सवको समयमा आयोजना हुने प्रदर्शनीको अवलोकन गर्न अनुरोध गर्नुभयो। प्रधानमन्त्रीले दस महिनाको उमेरमा आफ्नो ज्यान गुमाएकी केरलाकी बालिका अलिन शेरिन अब्राहमको बारेमा पनि चर्चा गर्नु भयो। उहाँले अलिनका माता पिताले अलिनको अंग दान गर्ने निर्णयको प्रशंसा गर्नु भयो। उहाँले भन्नु भयो अंग दानले आवश्यकतामा परेकाहरूलाई मद्दत गरिरहेको छ र देशमा चिकित्सा अनुसन्धानलाई बलियो बनाउँदैछ। प्रधानमन्त्री मोदीले डिजिटल अरेस्ट र डिजिटल धोखाधड़ी सम्बन्धी उहाँले ष्मन की बातष कार्यक्रममा गर्नु भएको चर्चाले गर्दा समाजमा जागरूकता ल्याएको बताउनुभयो। प्रधानमंत्रीले श्रोताहरूलाई अपराधीहरूले नक्कली कल

गर्नेए एसएमएस  पठाउने र लिङ्कहरू पठाउने गरेको बताउनु भयोद्य उहाँले केवाईसी अथवा री.केवाईसी बैंक शाखाहरूए आधिकारिक एपहरू र अधिकृत माध्यमहरू मार्फत मात्र गरिनुपर्ने कुरामा जोड दिनुभयो। श्री मोडिले भारतीय रिजर्भ बैंकले हालै यी विषयहरूमा वित्तीय साक्षरता सप्ताह आयोजना गरेको बताउनु हुँदै मानिसहरूलाई भारतीय रिजर्भ बैंकको सन्देशलाई ध्यान दिन र आफ्नो केवाईसी दर्ताहरू अद्यावधिक राख्न अनुरोध गर्नुभयो। प्रधानमन्त्रीले भारतका किसानहरू अब उत्पादनमा मात्र नभई गुणस्तरए मूल्य अभिवृद्धि र नयाँ बजारमा पनि ध्यान केन्द्रित गरिरहेकोमा गर्व व्यक्त गर्नुभयो। प्रधानमंत्रीले देश भरीका परिक्षा दिइरहेका विद्यार्थीहरूले आफ्नो परीक्षामा सफल हुने र आफ्नो जीवनमा सफलताको नयाँ उचाइमा पुग्ने विश्वास पनि व्यक्त गर्नुभयो। श्री मोदीले सबैलाई रमजानको शुभकामना व्यक्त गर्नुभयो। उहाँले आगामी होली पर्वको लागि पनि शुभकामना व्यक्त गर्नुभयो।

**कलकाता उच्च अदालत**

कलकाता उच्च अदालतले राज्यमा जारी मतदात सूचि गहन पुनरीक्षणको कार्यमा राज्य सरकारले सठिक ढंगमा सहयोग नगरेको तथा एसआईआर प्रक्रियाको निगरानी गर्ने ढाँचा तैयर गर्न हिजो एउटा उच्च स्तरिय बैठक गर्यो। यसका लागि उच्च अदालतले हिजो देखि ६ मार्च सम्मका लागि राज्यका सबै उच्च पदमा रहेका कानूनी अधिकारीहरूको छुट्टीलाई रद्द गरिने निर्देश पनि राज्य सरकारलाई दिएको छ। केवल चिकित्सकिय आपात स्थितिमा छुट्टी पाइने छ।सर्वोच्च अदालतको निर्देशमा कलकता उच्च अदालतले यो बैठक गरेको हो। राज्यको एसआईआर प्रक्रियाहरू न्यायीक अधिकारीहरूको देखरेखमा पूरा गरिने छ। यस बैछकमा राज्यका मुख्य सचिव नंदिनी चक्रवर्ती, राज्यका मुख्य चुनाव अधिकारी मनोज अग्रवाल सहित कैयन बरिष्ठ अधिकारीहरू सामेल थिए।

**मुख्यमन्त्री ममता ब्यानर्जी श्रद्धाञ्जली**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज बिहान महान स्वतन्त्रता सेनानी तथा आधुनिक भारतका निर्माताहरूमध्ये एक मौलाना अबुल कलाम आजादको पुण्यतिथिमा उहाँलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भयो। मुख्यमन्त्रीले सामाजिक संजालमा एउटा पोस्टको माध्यमबाट मौलाना आज़ादको योगदानलाई स्मरण गर्नु भयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा मौलाना अबुल कलाम आज़ादको जीवन ज्ञानको शक्ति, साम्प्रदायिक सौहार्द र अडिग देशभक्तिको प्रतीक रहेको बताउनु भयो। उहाँले  मौलाना अबुल कलाम आजाद भारतको स्वतन्त्रता संग्रामका अग्रणी नेता मात्र नभएर आधुनिक भारतको जग बसाल्ने महान व्यक्तिहरूमा पनि सामेल रहेको बताउनु भयो।

**बाबुल सुप्रियो**

पश्चिम बंगाल सरकारमा सूचना प्रौद्योगिकी अनि इलेक्ट्रोनिक्स मन्त्री अनि बालीगंजबाट तृणमूल कंग्रेसका विधायक बाबुल सुप्रियोले आज सोशियल मीडिया मार्फत ए.आई शिखर सम्मेलनमा इण्डियन यूथ कंग्रेसको विरोध प्रदर्शनलाई लिएर कड़ा शब्दमा प्रतिक्रिया गर्नुभएको छ। उहाले ए.आई शिखर सम्मेलन यूथ कंग्रेसद्वारा गरिएको विरोधलाई अनुचित अनि गैर-जिम्मेवार ठहर गर्नु भएको छ। बाबुल सुप्रियोले पोस्टमा भन्नुभयो, जुन मंचमा अन्तर्राष्टीय नेता अनि वैश्विक उद्योगको प्रमुख व्यक्तिहरू उपस्थित रहे त्यहा त्यस प्रकारको प्रदर्शन देशको प्राथमिकताहरूलाई लिएर गलत सन्देश दिदछ। उहाले स्पष्ट रूपमा बताउनु भयो, लोकतन्त्रमा विरोधको हक सबैलाई छ तर यससितै जिम्मेवारी निभाउन पनि उतिकै जरूरी छ। साथै राजनीतिक मतभेदहरूको निम्ति संघर्ष गर्न सकिन्छ तर यसको मूल्य देशको गरिमा अनि सम्मानलाई क्षति गर्न सकिन्दै। मन्त्री बाबुल सुप्रियोको यस टिप्पणीलाई कंग्रेस अनि तृणमूल बीच बढ़िरहेको राजनीतिक टकरावको रूपमा हेरिन्दैछ।

**सिलगढ़ी निगम**

सिलगढ़ी नगरनिगमको वर्तमान बोर्डको चार वर्ष पूरा भएको अवसरमा दीनबन्धू मंचमा आज एक कार्यक्रम आयोजित गरियो। यस अवधि विगत चार वर्षको विकास कार्यहरूको रिपोर्ट कार्ड जारी गरियो अनि भीडियो मार्फत उपलब्धीहरू देखाइयो। कार्यक्रममा मेयर गौतम देव, डिप्टी मेयर रंजन सरकार समेत अन्य जनप्रतिनिधिहरू उपस्थित थिए। यस अवधि टक टू मेयर अन्तर्गत सुझाव दिने नागरिकहरूलाई सचेतन नागरिक सम्मानद्वारा सम्मानित गरियो। नगरनिगमले भविष्यमा पनि विकास कार्य जारी राख्ने वचनबद्धता दोहोराएको छ।

**युवा प्रतिनिधिमण्डल नयाँ दिल्ली**

दार्जीलिङ पहाडको लागि एक ऐतिहासिक पहलमा दार्जीलिङबाट राज्य सभा सांसद हर्ष वर्धन श्रृंगलाको नेतृत्वमा पहिलो पल्ट युवा प्रतिनिधिमण्डल नयाँ दिल्ली जाँदै छ। छनोट २० जना युवाहरूबाट बनेको यो पहिलो संगठित युवा समूहले राष्ट्रिय राजधानीमा संस्थागत र नेतृत्व सम्बन्धी कार्यक्रममा भाग लिनेछ। यो दार्जीलिङबाट यस्तो ठूलो स्तरको पहिलो युवा समूह हो। यो भ्रमणले मुख्य संवैधानिक संस्थाहरूको कामकाजको प्रत्यक्ष अनुभव दिनेछ र युवाहरूमा नेतृत्वको प्रेरणा जगाउँनेछ।

*Byte*

**एन.एच १०**

नेशनल हाईवे एण्ड इन्फ्रास्ट्रक्चर करपोरेशन लिमिटेडले सेवकदेखि कालेबुङ अनि सिक्किम जाने दस नम्बर राष्ट्रीय राजमार्गको मरम्मती अनि विस्तारको कार्य शुरू गरेको छ। यस जीवन रेखा सड़कमा पहिरो प्रभावित क्षेत्रहरूमा नदीको तल्लो भागबाट कंक्रीटको बलियो गार्डवाल बनाइन्दैछ ताकि वर्षाको मौसममा जमीनलाई धस्नदेखि रोक्न सकियोस्। एन.एच.आई.डी.सी.एल सूत्र अनुसार सम्पूर्ण परियोजनालाई पूरा गर्नमा लगभग एक वर्षको समय लाग्नेछ। आगामी मनसूनको मध्येनजर काम युद्धस्तरमा जारी छ। दार्जीलिंगका सांसद राजु विष्टले भन्नुभयो, कालेबुङ अनि सिक्किमको जीवन रेखालाई चालू राख्नको निम्ति हरसम्भव प्रयास गरिन्दैछ। दीर्घाकालिक समाधानको निम्ति डिटेल प्रोजेक्ट रिपोर्ट पनि तयार गरिन्दैछ। लगभग डेढ़ वर्ष अघि यस सड़को जिम्मा राज्य पी.डब्ल्यू.डी बाट लिएर केन्द्र सरकारको एजेन्सी एन.एच.आई.डी.सी.एल–लाई सुम्पिएको थियो। सेवकदेखि कालिझोरा, बिरिक डांड़ा, लोहापुल, २९ माइल अनि सेती झोरा जस्तो संवदेनशील क्षेत्रमा टिस्टा नदीको किनारमा गार्डवालको निर्माण कार्य तीव्र रूपमा चलिरहेको छ। केन्द्रीय सड़क परिवहन मन्त्रालयले पहिलो चरणमा यस परियोजनाको निम्ति २ सय २० करोड़ रुपिया आवण्टित गरेको छ।

**तीन दिवसीय पूजा**

मगरजोङ थीङ गाउँ झ्याङतर थेर्पा छोइलिङ गुम्बामा आयोजित तीन दिवसीय पूजाको आज समापन गरिएको छ। बौद्ध धर्म गुरु खेम्बोको विशेष उपस्थित रहेको यस अनुष्ठानमा बौद्ध धर्म अवलम्बी तथा क्षेत्रका श्रद्धालु भक्तजनको बाक्लो उपस्थिति रहेको थियो। यस ठाउँमा प्रथमपल्ट यसरी फुर्बा पूजा अर्थात बज्र गुरु किलायरूको पूजा यसरी सम्पन्न गरिएको गुम्बा आयोजक समितिले जानकारी गराएका छन्।

**मौसम बंगाल**

बंगालको खाड़ीमा एकपल्ट फेरि निम्ब दबावको क्षेत्र सक्रिय भइरहेको छ जसको प्रभावबाट आगामी केही दिनहरूमा कलकता समेत दक्षिण बंगालको केही जिल्लाहरूमा बिजुली गर्जनसितै हल्का वर्षाको सम्भावना व्यक्त गरेको छ।

*Byte*

**सिलीगुड़ी दुर्घटना**

सिलिगुडीमा ड्यूटीमा रहेको बेला सडक दुर्घटनामा एक पुलिस कांस्टेबलको मृत्यु भएको छ। मृतक कांस्टेबल हिजो राती दार्जिलिङ मोडमा सेनाको ट्रकले ठक्कर दिँदा यो घटना भएको हो। घटनास्थलमा उपस्थित अन्य पुलिस कर्मीहरूले उहाँलाई तुरुन्तै मतिगढाको गैरसरकारी अस्पताल पुऱ्याएका थिएए जहाँ उहाँको उपचारका क्रममा मृत्यु भयो। दुर्घटनामा संलग्न सेनाको गाडीलाई नियन्त्रणमा लिइएको छ र अनुसन्धान सुरु गरिएको छ।

**नक्कली आधार कार्ड**

सशस्त्र सीमा बलले सिलिगुडीको खोरीबारीस्थित भारत.नेपाल सीमामा नक्कली आधार कार्ड भएको एक व्यक्तिलाई पक्राउ गरेको छ। एसएसबीले अभियुक्तलाई नेपालबाट भारत प्रवेश गर्ने क्रममा पक्राउ गरेको हो। पक्राउ परेका व्यक्ति दिल्लीका बासिन्दा भएको बताइएको छ।अ भियुक्तबाट बरामद गरिएका कागजातहरूमा तीन फरक नाममा बनाइएका

तीन आधार कार्डहरू थिए। यद्यपि अभियुक्तले आफूलाई नीरज कुमारको रूपमा चिनाएको थिए। बरामद गरिएका कागजातहरू कुनै आपराधिक गतिविधिमा प्रयोग गरिएको थियो कि थिएन भनेर अनुसन्धान भइरहेको छ। आरोपी विरुद्ध भारतीय दण्ड संहिताको धारा ३१८(२) ३१९(२) ३३८ र ३४०(२) अन्तर्गत मुद्दा दर्ता गरी थप कारबाही सुरु गरिएको छ।

**********